# मदाने गाउँपालिका

## गुल्मी जिल्ला, प्रदेश नं. ५, नेपाल

# मदाने राजपत्र

| वर्ष : १ | अंक : १३ |
|---|---|

## भाग : २

**गाउँकार्यपालिकाबाट मिति २०७४/०६/२५ मा स्वास्थ्य उपचार विशेष सहयोग कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७४ बमोजिम सार्वजनिक जानकारीको लागि देहाय बमोजिम प्रकाशन गरिएको छ ।**

# स्वास्थ्य उपचार विशेष सहयोग कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७४

आज्ञाले
सुरेश भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

मदाने गाउँपालिका

| कार्यविधि संख्या :- | १० |
|---|---|

# स्वास्थ्य उपचार विशेष सहयोग कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७४

| सभाबाट स्वीकृत मिति :- | २०७४/०६/२५ |
|---|---|

मदाने गाउँपालिका

# मदाने गाउँपालिका

## पुर्कोटदह, गुल्मी

## प्रदेश नं. ५, नेपाल

# स्वास्थ्य उपचार विशेष सहयोग कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७४

१) नेपाल सरकारको सुचिकृत अस्पतालबाट ६ महिना अघि निदान भई हाल उपचार गराईरहेका रोगहरु जस्तैः मुटुरोग, मृगौला रोग, क्यान्सर, सिकलसेल, एनिमिया, अल्जाईमर, हेड इन्जुरी, स्पाईनल इन्जुरी र पार्किन्सन्स जस्ता कडा रोगको हकमा नेपाल सरकारले तोकेको अस्पतालमा रोग निदान भई उपचार गराईरहेका विरामीहरुलाई सम्बन्धित वार्ड कार्यालयको सिफारिस अतिगरिब र विपन्न भनि प्रमाणीत भएको कागजातका आधारमा रु ५०००।- यातायात खर्च दिने निर्णय गरियो ।

२) अति गरिब र विपन्न भनि प्रमाणित भएका र वडा कार्यालयको सिफारिस समेत भएको एक्युट लिभर फोलियर हेपटाईटिस वि, र हेपटाईटिस सी रोगको निदान भएका बिरामीहरुलाई थप उपचार सहयोगका लागी रु ५००० सम्म उपचार खर्च दिने निर्णय गरियो ।

३) पित्तथैलिको अप्रेसन र एपिन्डिक्सको अप्रेसन गर्नुपर्ने भनि नेपाल सरकारबाट सुचिकृत अस्पतालले उल्लेख गरेको भएमा उपचार सहयोगार्थ रु ५०००।- दिईनेछ तर यसभन्दा अघि अप्रेसन गरिसकेका विरामीलाई सहयोग रकम उपलब्ध हुनेछैन । यदि सो बिरामीहरु अस्पताल भर्नाभई उपचार

गरेको र अस्पतालबाट बिदा भएको ७ दिन भित्र डिस्चार्ज सिलिप सहित निवेदन दिएमा उपचार सहयोग उपलब्ध गराईनेछ ।

४) MDR तथा XDR क्षयरोग अतिगरिब तथा विपन्न बिरामीको हकमा पोषण खर्च बापत रु ५०००।- दिईनेछ ।

५) आ.व. २०७४। ०७५ मा विनियोजीत स्वास्थ्य सेवा सहयोग रकम रु १,५०,०००।- को परिधि भित्र रहि उपचार सहयोगार्थ माथी उल्लेखित बमोजिम रकम दिने बजेट खर्च भई सकेमा रकम उपलब्ध नगराईने सर्वसहमत ।

६) विविध

**नोट : अति गरिब र विपन्न बिरामी हो भनि वडा कार्यालयको सिफारिसका आधारमा गाउपालिका अध्यक्षले प्रमाणीत /तोकआदेश गर्नुपर्नेछ ।**

मद्दात गाउँपालिका